# पुनर्बीमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८

**प्रस्तावना:** पुनर्बीमा दलाल (ब्रोकर) को पूँजी निर्धारण गरी दर्ता तथा नियमनको व्यवस्था मिलाई पुनर्बीमा बजारको विकास गर्न वाञ्छनीय भएकोले बीमा ऐन, २०४९ को दफा ८को खण्ड (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले यो निर्देशिका बनाई लागू गरेको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस निर्देशिकाको नाम "पुनर्बीमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८," रहेको छ।

(२) यस निर्देशिका समितिले तोकेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा,

(क) **"आर्थिक वर्ष"** भन्नाले प्रत्येक वर्षको श्रावण महिनाको १ गते देखि आषाढ महिनाको मसान्त सम्मको बाह्र महिनाको अवधि सम्झनुपर्छ।

(ख) **"ऐन"** भन्नाले बीमा ऐन २०४९ सम्झनु पर्छ।

(ग) "**नियमावली**" भन्नाले बीमा नियमावली, २०४९ सम्झनु पर्छ।

(घ) **"निर्देशिका"** भन्नाले पुनर्बीमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८ सम्झनु पर्छ।

(ङ) **"पुनर्बीमक"** भन्नाले बीमकले धारण गर्ने जोखिमको अंश भन्दा बढी अंशको पुन: बीमा गर्ने बीमक सम्झनुपर्छ।

(च) **"पुनर्बीमा दलाल (पुनर्बीमा ब्रोकर)"** भन्नाले जोखिमको पुनर्बीमाको व्यवस्था गर्ने, प्लेसमेण्ट गर्ने तथा मिलान गर्ने बीमक वा पुनर्बीमक र पुनर्बीमक बीच मध्यस्थको कार्य गर्न इजाजत पत्र प्राप्त संस्था सम्झनु पर्छ।

(छ) **"पुनर्बीमित"** भन्नाले आफूले बीमक वा पुनर्बीमकबाट स्वीकार गरेको जोखिमको केही अर्को पुनर्बीमकसंग पुनर्बीमा (रेट्रोसेसन) गराउने बीमक वा पुनर्बीमकलाई सम्झनुपर्छ।

(ज) **"लेखापरीक्षक"** भन्नाले प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्न सम्बन्धित निकायबाट अनुमति प्राप्त लेखापरीक्षक सम्झनुपर्छ।

(झ) **"संगठित सँस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सँस्था सम्झनु पर्छ।

(ञ) "**समिति**" भन्नाले ऐनको दफा ३ बमोजिमको बीमा समिति सम्झनु पर्छ।

परिच्छेद -२

## पूँजी सम्बन्धी व्यवस्था

३. **पुनर्बीमा दलालको अधिकृत पूँजी**: (१) ऐनको दफा ३० ख बमोजिम बीमा व्यवसाय सञ्चालन गर्न संस्थापित संगठित सँस्थाको अधिकृत पूँजी कम्तीमा दश करोड रूपैयाँ हुनुपर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित पूँजीको पचास प्रतिशत रकम चुक्ता पूँजीको रूपमा कायम गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पूँजी मध्येबाट अधिकृत पूँजीको पच्चीस प्रतिशत रकम समितिबाट एअर मार्क गराई वाणिज्य बैंकको मुद्दती खातामा राख्नुपर्नेछ ।

(४) अधिकृत पूँजी तथा चुक्ता पूँजी सम्बन्धी अन्य व्यवस्था समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

परिच्छेद -३

## दर्ता तथा इजाजतपत्र सम्बन्धी व्यवस्था

४. **इजाजतपत्र लिनुपर्ने:** (१) ऐन बमोजिम इजाजतपत्र नलिई कसैले पनि पुनर्बीमा दलाल भई कार्य गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्तिले दफा ५ बमोजिम संगठित सँस्था दर्ता गरी ऐनको दफा ३० ख बमोजिम इजाजतपत्र लिई पुनर्बीमा दलालको कार्य गर्न सक्नेछ ।

५. **पुनर्बीमा दलाल संगठित सँस्था हुनुपर्ने:** पुनर्बीमा दलालको रूपमा दर्ता हुन प्रचलित कानून बमोजिम संगठित सँस्थाको रूपमा संस्थापना र दर्ता भएको हुनुपर्नेछ ।

६. **पेश गर्नु पर्ने कागजात र अन्य शर्तहरू:** (१) दफा ५ बमोजिम दर्ता भएको संगठित सँस्थाले पुनर्बीमा दलालको इजाजतपत्र लिनका लागि नियमावलीको नियम ३० ग बमोजिमको योग्यता कायम गरी ऐनको दफा ३० ख बमोजिम समिति समक्ष निवेदन दिनु पर्नेछः

(क) संगठित सँस्था दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ख) प्रवन्धपत्र र नियमावली

(ग) सम्भाव्यता अध्ययन प्रतिवेदन

(घ) संगठित सँस्थाको प्रमुख कार्यकारी अधिकृत वा प्रमुख व्यवस्थापकको ब्यक्तिगत विवरण

(ङ) दफा ३ बमोजिमको पूँजी बैंक खातामा जम्मा गरेको पुष्टि गर्ने निस्सा

(च) समितिले आवश्यक देखेका अन्य कागजात तथा विवरण

(२) उपदफा (१) बमोजिम दिएको निवेदन साथ प्रस्तावित बीमकले देहायका शर्तहरू पालना गर्ने कबुलियतनामा समेत संलग्न गर्नु पर्नेछ :-

(क) समितिले समय समयमा तोके बमोजिमको पूँजी कायम गर्ने,

(ख) बीमितिको हक हित संरक्षण हुने गरी आफ्नो व्यवसाय सञ्चालन गर्ने,

(ग) ऐन, नियम तथा सो अन्तर्गत बनेका निर्देशिका एवम् बीमा व्यवसाय सम्बन्धमा समय समयमा समितिबाट दिइएको निर्देशन पालना गर्ने, र

(घ) समितिले समय समयमा तोकेका अन्य शर्तहरू पालना गर्ने।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै व्यक्तिले पुनर्बीमा दलालको संस्थापना गर्न वा प्रत्यक्ष अप्रत्यक्ष रूपमा पुनर्बीमा दलाल हुन पाउने छैन:-

(क) कुनै बीमक वा पुनर्बीमकको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी वा पदाधिकारी, परामर्शदाता, सल्लाहकार, लेखापरीक्षक, बीमक वा पुनर्वीमकसंग व्यावसायिक कारोवार भएको

(ख) ऐन बमोजिम बीमा अभिकर्ता, सर्भेयर, तेस्रो पक्ष सहजकर्ता वा अन्य कुनै बीमा मध्यस्थकर्ताको इजाजतपत्र लिएको व्यक्ति त्यस्तो इजाजतपत्र बहाल रहेको अवधिभरी।

**७. इजाजतपत्र दिने**: दफा ६ बमोजिम निवेदन प्राप्त भएपछि समितिले नियम ३० ग बमोजिमको योग्यता जाँचबुझ गरी निजलाई दलालको रूपमा इजाजतपत्र दिन उपयुक्त देखिएमा नियमावलीको नियम ३० ख बमोजिमको दस्तुर लिई दर्ता किताबमा दर्ता गरी ऐनको दफा ३० ख बमोजिम पुनर्बीमा दलालको इजाजतपत्र दिन सक्नेछ।

**८. इजाजतपत्र दिन इन्कार गर्न सक्ने:** (१) देहायको कुनै अवस्थामा समितिले पुनर्बीमा दलालको इजाजत दिन इन्कार गर्न सक्नेछ:

(क) ऐन, नियमावली, यो निर्देशिका र प्रचलित कानून बमोजिम पेश गर्नुपर्ने विवरण कागजात पेश नगरेमा वा पूरा गर्नुपर्ने शर्तहरू पूरा नगरेमा,

(ख) निवेदकलाई पुनर्बीमा दलालको इजाजत दिंदा पुनर्बीमा व्यवसाय स्वस्थ प्रतिस्पर्धात्मक र प्रभावकारी नहुने भएमा वा बीमितको हित संरक्षण हुन सक्ने नदेखिएमा,

(ग) दफा ६ को उपदफा (३) को अवस्था भएमा।

(घ) संस्थापक, सञ्चालक एवं मुख्य व्यवस्थापक पुनर्बीमा दलालको कार्य गर्न सक्षम भएको नदेखिएमा।

(२) उपदफा (१) बमोजिम बीमकको प्रमाणपत्र दिन इन्कार गरेकोमा समितिले सो को कारण सहितको जानकारी निवेदकलाई दिनुपर्नेछ।

परिच्छेद-४

## पुनर्बीमा दलालको काम कर्तव्य

**९. पुनर्बीमा दलालको कार्यहरू**: पुनर्बीमा दलालको कार्यहरू देहाय बमोजिम हुनेछः

(क) बीमकले जारी गरेको बीमालेख अन्तर्गत उत्पन्न हुने दायित्वको सम्बन्धमा बीमक (पुनर्बीमित) को तर्फबाट पुनर्बीमक तथा पुनर्बीमकको तर्फबाट अर्को पुनर्बीमकसंग मध्यस्थता गर्ने,

(ख) पुनर्बीमा विशेषज्ञता सेवा र प्राविधिक परामर्श दिने

(ग) बीमा/पुनर्बीमा बजारको तथ्याङ्क विश्लेषण गरी पुनर्बीमित/पुनर्बीमकलाई उपलब्ध गराउने

(घ) पुनर्बीमा दावी भुक्तानी सहजीकरण गर्ने

(ङ) पुनर्बीमा सम्झौता तयार गर्न सहयोग गर्ने

(च) पुनर्बीमा सम्झौता अनुरूपको लिने/ दिने रकमको हिसाव फरफारक गर्न सहयोग गर्ने ।

(छ) जोखिम अनुसार उपयुक्त पुनर्बीमा व्यवस्था गर्न सहयोग गर्ने

(ज) बीमितको लागि उपयुक्त पुनर्बीमा दर प्राप्त गर्न प्रयत्न गर्ने ।

(झ) विदेशी बीमकले विदेशी मुलुकमा जारी गरेको बीमालेख अन्तर्गत उत्पन्न हुने जोखिम सम्बन्धमा नेपाली पुनर्बीमक वा पुनर्बीमकसंग मध्यस्थता गर्ने,

(ञ) पुनर्बीमितको आवश्यकता अनुरूप पुनर्बीमा व्यवस्था गराउने,

(ट) बीमक तथा पुनर्बीमकको सहमति अनुसार अनुसार कभरनोट जारी गर्ने,

(ठ) पुनर्बीमित तथा पुनर्बीमक बीच लिनु दिनु पर्ने रकमको समर्थन पत्र उपलब्ध गराउने,

(ड) आफूले पुनर्बीमा व्यवस्था गरे गराएको पुनर्बीमा सम्झौता अन्तर्गत बीमकमा पर्ने दावीहरूको फर्छयौट गर्ने गराउने ।

(ढ) पुनर्बीमितलाई पुनर्बीमकको ख्याति र रेटिङ बारे जानकारी तथा परामर्श दिने ।

(ण) पुनर्बीमा दलालले गर्ने अन्तर्राष्ट्रिय अभ्यास अनुसारका अन्य कार्यहरू गर्ने गराउने ।

**१०. पुनर्बीमा दलालको कर्तव्य**: पुनर्बीमा दलालको कर्तव्य देहाय बमोजिम हुनेछन्:

(क) पुनर्बीमा गर्नु अघि त्यस्तो पुनर्बीमा सम्झौताबाट उत्पन्न हुने दायित्व स्वीकार गर्ने सम्बन्धमा पुनर्बीमकबाट अख्तियारी प्राप्त गर्नुपर्नेछ ।

(ख) पुनर्बीमा दिने पुनर्बीमित र पुनर्बीमा स्वीकार गर्ने पुनर्बीमक दुवैसंग पुनर्बीमा दलालले पुर्ण सद्विश्वास कायम राख्नु पर्नेछ ।

(ग) पुनर्बीमा दलाले आफूले Placement गर्ने पुनर्बीमकको आर्थिक तथा Solvency स्थितिको अद्यावधिक विश्लेषण तथा पुनर्बीमकको क्रेडिट रेटिङ्ग स्थितिको रेकर्ड राख्नुपर्नेछ ।

(घ) बीमक वा पुनर्बीमित को निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

(ङ) पुनर्बीमितले चाहेको जोखिम मात्र पुनर्बीमा गर्नुपर्नेछ ।

(च) पुनर्बीमा गर्न नसकेमा, पुनर्बीमा अस्वीकृत भएमा वा पुनर्बीमा स्वीकृत गर्न ढिला भएमा पुनर्बीमितलाई जानकारी दिनुपर्नेछ ।

(छ) पुनर्बीमा सम्झौताद्वारा हस्तान्तरण हुने व्यवसाय सम्बन्धमा पुनर्बीमकसंग कुनै सम्बन्ध भएमा खुलासा गर्नुपर्नेछ।

(ज) माथि (९) घ मा उल्लेखित पुनर्बीमकबाट Placement Slip लिएर मात्र पुनर्बीमकको तर्फबाट पुनर्बीमा कभरनोट जारी गर्नुपर्नेछ।

(झ) उपर्युक्त पुनर्बीमा सम्झौता तयार गरी पुनर्बीमकको हस्ताक्षर गराई पुनर्बीमित समक्ष पेश गर्नुपर्नेछ।

(ञ) पुनर्बीमक र पुनर्बीमित बीच सूचना आदान प्रदान गरिदिनुपर्नेछ।

(ट) पुनर्बीमक र पूनर्बीमित बीच पुनर्बीमा शुल्क वा दायित्व वापतको रकम वा अन्य रकम पठाउने कार्य गर्नुपर्नेछ।

(ठ) आफूले बुझेको तथा पठाएको रकमको लेखा राख्नुपर्नेछ।

(ड) अवधि समाप्त भएको दश वर्ष सम्म आफ्नो पुनर्बीमा सम्बन्धी कारोबारको अभिलेख राख्नुपर्नेछ।

**११.प्रतिवेदन पेश गर्नु पर्ने**: (१) पुनर्बीमा दलालले देहायका विवरणहरू खुल्ने गरी समिति समक्ष त्रैमासिक प्रतिवेदन पेश गर्नु गर्नुपर्नेछ:

(क) पुनर्बीमा सम्झौता बमोजिम जोखिमको कारणले उत्पन्न हुन सक्ने दायित्व सम्बन्धी कुरा,

(ख) इजाजतपत्र लिँदा समिति समक्ष पेश गरेको विवरण वा तथ्यमा भएको परिवर्तन सम्बन्धी कुरा,

(ग) आफूले कारोवार गरेको बीमक तथा पुनर्बीमकको विवरण,

(घ) कारोवारको विवरण,

(ङ) समितिले खुलाउनु पर्ने भनी समय समयमा तोकिदिएका अन्य विवरणहरू,

(२) पुनर्बीमा दलालले समिति समक्ष लेखापरीक्षण सहितको बार्षिक वित्तीय विवरण पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) तथा उपदफा (२) बमोजिम पेश गरिएको प्रतिवेदन तथा विवरण माथि समितिले आवश्यक निर्देशन दिन सक्नेछ।

**१२.पेशागत दायित्व तथा क्षतिपूर्ति बीमा गर्नुपर्ने**: (१) पुनर्बीमा दलालले देहायको दायित्व व्यहोर्ने गरी पेशागत दायित्व तथा क्षतिपूर्ति बीमा नगरेसम्म ब्रोकरेज सम्बन्धी कुनै कार्य गर्न पाउने छैनः

(क) पुनर्बीमामा दलालको तर्फबाट भएको लापरबाहीको कारण उत्पन्न हुन सक्ने दायित्व,

(ख) कुनै पनि प्रकारको सम्पत्तिको क्षति र त्यस्तो सम्पत्ति पुनः स्थापित गर्न लाग्ने लागत,

(२) पेशागत दायित्व तथा क्षतिपूर्ति बीमा सम्बन्धी अन्य कुराहरू समितिले तोके बमोजिम हुनेछ।

**१३.सुशासन कायम गर्नुपर्ने**: (१) बीमा दलालको कार्य गर्ने इजाजतपत्र प्राप्त संगठित सँस्थाले सुशासन र आचरण सम्बन्धी व्यवस्थाको पालना गर्नुपर्नेछ।

(२) पुनर्बीमा दलालको प्रमुख कार्यकारी अधिकृत वा प्रमुख व्यवस्थापक भई कार्य गर्ने व्यक्तिको योग्यता र अनुभव नियमावली बमोजिम हुनेछ।

**१४.निरीक्षण छानविन गर्न सक्ने** : (१) समितिले बीमा दलालको काम कारबाहीको जुनसुकै बेला निरीक्षण वा छानविन गर्नसक्नेछ।

(२) समितिले निरीक्षण छानविन गर्दा दिएका निर्देशन पालना गर्नु पुनर्बीमा दलालको कर्तव्य हुनेछ।

**१५.स्वामित्व परिवर्तन:** (१) पुनर्बीमा दलालको इजाजतपत्र प्राप्त संगठित सँस्था समितिको स्वीकृति बिना हस्तान्तरण हुन, स्वामित्व परिवर्तन गर्न तथा विघटन गर्न पाइने छैन।

(२) पुनर्बीमा दलालको इजाजतपत्र प्राप्त संस्थाले स्वामित्व परिवर्तन गर्न चाहेमा सो को कारण खोली समिति समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गरी स्वामित्व परिवर्तन गर्न मनासिव हुने देखिएमा समितिले स्वामित्व परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ।

**१६.पुनर्बीमा दलालले गर्न नहुने**: (१) पुनर्बीमा दलालले पुनर्बीमा तथा पुनर्बीवीमकको तर्फबाट कार्य गर्दा परम सद्विश्वासको सिद्धान्त पालना गरी काम गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम कार्य गर्दा देहायका कुनै पनि कार्य गर्न पाउने छैन:

(क) आफूले वुझेको रकम अनधिकृत किसिमले आफ्नो खातामा राख्न वा स्थानान्तरण गर्न,

(ख) अनधिकृत किसिमले कुनै पनि खर्च विप्रेषण गर्न गराउन,

(ग) सम्पत्ति शुद्धिकरण निवारण ऐन विपरित कुनै कार्य गर्न।

**१७.विदेशी पुनर्बीमा दलाल संबन्धी व्यवस्था** : (१) नेपाली वीमक/ पुनर्बीमक तथा अन्तराष्ट्रिय वीमक/ पुनर्बीमकहरूको पुनर्बीमा व्यवसाय सम्बन्धी कारोवार गर्न इच्छुक विदेशी पुनर्बीमा दलालले समितिमा सम्पर्क/शाखा खोल्न इजाजतको लागि निर्देशिकाको दफा ७ वमोजिम दस्तुर तिरी आवेदन दिन सक्ने छन्।

(२) उपदफा (१) बमोजिम निवेदन दिने दलालहरूको अन्तराष्ट्रिय व्यवसायिक पहुँच, प्रतिष्ठा तथा समितिले तोकेको अन्य आवश्यक मापदण्डको आधारमा समितिले नेपालमा सम्पर्क शाखा खोल्न इजाजत दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम समितिबाट पुनर्बीमा दलालको इजाजत दिने आशय पत्र प्राप्त भएपछि ब्रोकिङ्ग कार्य गर्नु अघि नेपालको क वर्गको वाणिज्य वैंकमा सेक्युरिटि डिपोजिट बापत अमेरिकी डलर ५०,००० (पचास हजार) जम्मा गर्नु पर्नेछ।

(२) नेपाली पुनर्बीमा दलालसंग संयुक्त रूपमा नेपालमा पुनर्बीमा दलाल संगठित सँस्था खोल्न इच्छुक विदेशी पुनर्बीमा दलालले यस निर्देशिकाको दफा ३ वमोजिमको व्यवस्था अनुसारको पूँजीको ५५ (पचपन्न) प्रतिशत सम्म शेयर हिस्सा राख्न सक्नेछन्।

(३) यस दफा वमोजिम स्थापित पुनर्बीमा दलालको कार्यालयमा एक जना मुख्य व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृत तथा उच्च अधिकृतको अलावा आवश्यकता अनुसार १ जना सूचना प्रविधि विज्ञ विदेशी नागरिक राख्न सकिने छ र अन्य कर्मचारीहरूको हकमा नेपाली नागरिक नियुक्त गर्नु पर्नेछ।

१८.**<u>ऐन बमोजिम हुने:</u>** यस निर्देशिकामा उल्लेखित विषय यसै वमोजिम र उल्लेख नभएको विषय प्रचलित ऐन वमोजिम हुने छ।

(२) यस निर्देशिकाको कुनै व्यवस्था प्रचलित ऐनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय भई सम्बन्धित ऐनको व्यवस्था लागू हुनेछ।

१९.**<u>अधिकार प्रत्यायोजन र बाधा अड्काउ फुकाउः</u>** (१) यस निर्देशिका अनुसारको कार्य सम्पादन गर्ने गराउने अधिकार अध्यक्षलाई हुनेछ र अध्यक्षले आफू मातहतका कर्मचारीलाई आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आइपरेमा अध्यक्षले बाधा अड्काऊ फुकाउन सक्नेछ।